# विश्वविद्यालयमा प्राज्ञिक अनुसन्धान र प्रकाशन दयनीय छ अवस्था !

**थुप्रै अनुसन्धान पत्र (थेसिस) तयार भए पनि तिनको गुणस्तर र मौलिकतामा ठूलो समस्या छ। खेताला लगाएर लेखिने, बजारमा किनिनेदेखि, 'कट र पेष्ट' गरेर तयार गरिनेसम्मका थेसिसको आधिक्य भएकाले प्राज्ञिक अनुसन्धानको स्तर चिन्ताजनक तहमा खस्केको छ। अनुसन्धान विषय पढाउने अध्यापक स्वयंसँग नै अनुसन्धान गरेको अनुभव छैन भने त्यहाँका विद्यार्थीको जग कमजोर हुनु अस्वाभाविक लाग्दैन।**

## प्रारम्भिक काल

नेपालमा आधुनिक र औपचारिक उच्च शिक्षाको इतिहास लामो छैन। नेपालको पहिलो कलेज खुलेको एक शताब्दी पुग्दैछ, र पहिलो विश्वविद्यालय स्थापना भएको भर्खर ६ दशक भएको छ। उच्च शिक्षण संस्थाकै इतिहास लामो नभएको परिस्थितिमा त्यस शिक्षण संस्थामार्फत हुने प्राज्ञिक अध्ययन-अनुसन्धानको इतिहास पनि लामो नहुनु अस्वाभाविक भएन।

देशको पहिलो कलेज अलि पहिले नै खुलेको भए पनि २००७ सालको राजनीतिक परिवर्तनपछि मात्रै हामीकहाँ उच्च शिक्षा प्रदायक संस्थाको स्थापना र विस्तार प्रक्रिया शुरू भएको हो। यी शुरूआती उच्च शिक्षण संस्थाले पनि प्रारम्भिक दिनमा आई.ए. र केही समयपछि मात्र बी.ए. तहको पढाइ शुरू गरेका हुन्। झन् एम.ए. तहको पढाइ त धेरैपछि मात्र विस्तार भएको हो। तसर्थ यी कलेजमा पनि प्रारम्भिक दिनहरूमा पढ्ने-पढाउने बाहेकका प्राज्ञिक कर्म खासै हुँदैनथे।

मुलुकको पहिलो विश्वविद्यालय, त्रिभुवन विश्वविद्यालय (त्रिवि) (२०१६ साल) पनि अनुसन्धान गर्ने थलोको रूपमा खुलेको होइन। यो शिक्षण (टिचिङ) र सम्बन्धन दिने विश्वविद्यालय थियो, र सो उद्देश्यमा अद्यापि खासै परिवर्तन देखिन्न। स्थापनाको समयमा यसको प्रारूप सानो थियो। विदेशबाट सम्बन्धन लिई नेपालमा पहिलेदेखि नै सञ्चालन भइरहेका कलेजलाई त्रिविले सर्वप्रथम सम्बन्धन दिन थालेको थियो। तसर्थ प्राज्ञिक संस्थाबाट औपचारिक अनुसन्धान गर्ने गराउने प्रक्रिया त्रिवि स्थापना भएपछि पनि प्रक्रियाबद्ध हिसाबले हुन सकेन।

विश्वविद्यालयमार्फत नभए पनि २००७ सालको परिवर्तनपछि गैरसरकारी क्षेत्रमा निजी र सामूहिक प्रयासमा सामाजिक (खासगरी ऐतिहासिक, सांस्कृतिक) अनुसन्धान कर्मलाई अगाडि बढाउने कार्य भएको पाइन्छ। बाबुराम आचार्य, चित्तरञ्जन नेपाली, महेशचन्द्र रेग्मी आदिले धेरैजसो निजी प्रयत्नमा र नेपाल सांस्कृतिक परिषद्, संशोधन मण्डल आदि संस्थाले सामूहिक प्रयत्नमार्फत प्राज्ञिक अध्ययन-अनुसन्धानको कार्यलाई प्रवर्द्धन गरेको देखिन्छ। त्यस्तै, सरकारी क्षेत्रमा प्रज्ञा-प्रतिष्ठान र अभिलेखालय जस्ता संस्था स्थापना भएपछि तीमार्फत केही प्राज्ञिक कर्म हुन थाल्यो।

## निर्देशित कालखण्ड

२०१७ सालमा बहुदलीय व्यवस्था समाप्त पार्दै महेन्द्र शाहले शासनसत्ता हातमा लिएसँगै नागरिक अधिकारहरू खोसिए। यसको परिणाम मूलतः सामूहिक प्रयत्नहरूमा पर्‍यो। नयाँ, स्वतन्त्र संस्था स्थापना गरेर सोमार्फत आफ्ना सरोकार र चाहनाहरू परिपूर्ति गर्ने कार्य कठिन हुन थाल्यो। खासगरी सरकारले सही या उपयुक्त बाटो भनेर नठम्याएका क्षेत्रमा त्यस्ता प्रयत्न हुन सकेनन्।

अर्कोतर्फ, सरकार स्वयंले एकखाले राष्ट्रवाद र राष्ट्रिय संस्कृतिको निर्माण र जगेर्ना गर्नका लागि विशेष प्रयत्न गर्‍यो र सोही बमोजिमका प्राज्ञिक अनुसन्धानका कार्य शुरू गरिए। यस्तो कार्य पहिलो दशकमा केही हदसम्म प्रज्ञा-प्रतिष्ठानमार्फत भए। यो कालखण्डमा गैरसरकारी वा निजी प्रयत्नमा भएका जेजस्ता प्राज्ञिक अनुसन्धान र सरकारी उद्देश्यमा एक खालको सामञ्जस्यता पाइन्छ। यसले राज्यसत्तालाई नपच्ने विषयवस्तुमा अनुसन्धान र त्यसमा खुला बहस गर्ने सम्भावना त्यतिबेला थिएन भन्ने संकेत पनि गर्छ।

माथि भनिए झैं विश्वविद्यालय स्थापनाको शुरूआती दिनमा अध्ययन-अनुसन्धानका लागि आवश्यक प्राज्ञिक, भौतिक पूर्वाधार स्थापना भइसकेको थिएन। तर जब बिस्तारै प्राज्ञिक उन्नयनले गति लिन थाल्यो र विश्वविद्यालय अन्तर्गत नै प्राज्ञिक अनुसन्धानको महत्ता र ग्राह्यता स्थापित हुँदैगयो, शिक्षाको विस्तारलाई नियन्त्रण गर्न र आफ्नो शासनसत्ताको शिकञ्जा मजबूत पार्न राज्यले शिक्षाका विभिन्न पक्षमा हस्तक्षेप गर्न थाल्यो। यसक्रममा खासगरी संस्थागत संरचनाहरू खडा गरेरै त्रिविभित्र प्राज्ञिक अध्ययन अनुसन्धान गर्ने केन्द्रहरू स्थापना गरिए। सिनास, सेरिड, सेडालगायतका संस्था सोही समय खुलेका हुन्। यी संस्थाबाट सोद्देश्य केही निश्चित विषयमा अध्ययन-अनुसन्धान थालिए। र ती संस्थाबाट जर्नलसमेत प्रकाशन हुन थाले। एक समय समाज विज्ञानको नेपालबाट प्रकाशन हुनेमध्येको सबैभन्दा महत्त्वपूर्ण जर्नल *कन्ट्रिब्युसन्स टु नेप्लिज स्टडिज* सोही कालखण्डमा हालको नेपाल तथा एशियाली अध्ययन केन्द्र (तत्कालीन इनास) बाट प्रकाशन भएको हो।

यसबाहेक, विभिन्न विषयमा स्नातकोत्तर र केही विषयमा विद्यावारिधि तहको अध्ययन पनि हुन थाल्यो। यससँगै तत्तत्

विषयमा उपाधि आर्जनका लागि गरिएका अध्ययन-अनुसन्धान बाहिर ल्याउन थालियो। विश्वविद्यालयले पदोन्नति प्रक्रियामा ती प्राज्ञिक कर्मका उत्पादनलाई सामेल गरेकाले पनि प्राज्ञिक कर्मले थप स्थान र महत्ता पायो। त्रिवि आफैंले *टियू जर्नल* र त्रिविअन्तर्गतका विभिन्न विभागबाट पनि जर्नल प्रकाशन हुन थाले, यद्यपि तीमध्ये धेरै नियमित भएनन्।

## दिशाहीन कालखण्ड

२०४६ सालको राजनीतिक परिवर्तनपछि केही परिदृश्य बदलिए। राज्यले यसअघि ठोस उद्देश्यका साथ लगानी गरी खडा गरेका अनुसन्धान संस्थामार्फत अब केकस्ता खालका अध्ययन-अनुसन्धान गर्ने/गराउने भन्नेबारे राज्यको प्रष्ट परिकल्पना रहेन। राज्य सञ्चालनको बागडोर सम्हालेका यो वा त्यो रङका राजनीतिक दल कसैले पनि ज्ञान उत्पादन र ती ज्ञान उत्पादन गर्ने संस्थाका संरचनाबारे केही चासो र सरोकार राखेनन्, यद्यपि ती दलका प्रमुख दस्तावेजहरूमा 'अनुसन्धान' शब्द पटकपटक उल्लेख गरिएको पाइन्छ।

यो कालखण्डमा प्राज्ञिक अनुसन्धान र अनुसन्धान गर्ने संस्थाको आवश्यकता र औचित्यबारे सार्वजनिक वृत्तमा समेत खासै कुनै बहस, छलफल र चिन्तन भएन। संस्था जो थिए, ती यथावत् रहिरहे। दलका लागि आफ्ना मान्छे भर्ती गर्न ती संस्था खूबै काम लागे। तर, त्यसबाहेक तिनलाई कसरी, के कामका लागि प्रयोग गर्ने भन्ने चिन्तन-मनन नगरेकाले, तिनको उपयोगिता महसूस नगरिएकाले अध्ययन-अनुसन्धानका लागि आवश्यक पर्ने बजेट व्यवस्था गरिएन। मासिक तलब मात्र दिइयो। तलब अनुसन्धान कर्मकै लागि थियो तर अनुसन्धानमा अन्य खर्च पनि हुन्छ, जुन सरकारले बेहोरेन। फलतः पहिलेका संस्थाले अनुसन्धान र प्रकाशनलाई चाहेजसरी अगाडि बढाउन सक्ने अवस्था रहेन। त्यसमाथि, ती संस्थामा भएका दलीय हस्तक्षेप र आफ्ना मान्छे भर्ती गर्ने केन्द्र तुल्याउन जेजति प्रयत्न भए तिनको कथा-व्यथा बेग्लै छ।

यसबीच मुलुकभर नयाँ नयाँ विश्वविद्यालय थपिए। अहिले नौ ओटा विश्वविद्यालय सञ्चालनमा छन्। यद्यपि, दुःखको कुरा, ती सबैले त्रिविकै बाटो पछ्याए, अध्ययन-अनुसन्धान तिनको प्राथमिकतामा परेन, टिचिङ र एफिलिएसनको चक्करमै ती रूमलिए। अथवा ती पनि त्रिविकै कमजोर कार्बन कपी बन्न पुगे। अवस्था यतिसम्म छ कि समाज विज्ञानका कोर विषयको पढाइ समेत यी कतिपय विश्वविद्यालयमा हुँदैन। बजारमा बिक्ने भनिएका विषयप्रति मात्रै उनीहरूको जोडबल देखिन्छ। पछिल्लो समय स्थापना भएका विश्वविद्यालयमध्ये सबैभन्दा उम्दा भनिएको काठमाडौं विश्वविद्यालयको हालत पनि कुनै भिन्न छैन। त्यहाँबाट निश्चित विधामा केन्द्रित रहेर कुनै गतिलो जर्नल प्रकाशन भएको छैन। समाज विज्ञानको क्षेत्रमा काठमाडौं विश्वविद्यालयबाट दुई वटा जर्नल प्रकाशन भएको देखिन्छ तर ती पनि एक त नियमित छैनन्, दुई, तिनमा नेपालबारेका सामग्री उस्तो देखिँदैन र तीन, प्रकाशित सामग्रीको स्तर त्रिविका जर्नलभन्दा कुनै हिसाबले उम्दा छैनन्।

समाज विज्ञानको अलि बलियो जग भएको त्रिविको स्थिति पनि कुनै गतिलो छैन। यद्यपि, कतिपय विषयमा स्नातकोत्तर वा सोभन्दा माथिका तह उत्तीर्ण हुन थेसिस लेख्नै पर्ने बाध्यात्मक व्यवस्थाका कारण संख्यात्मक हिसाबले विश्वविद्यालयभित्र ठूलै आयतनमा अनुसन्धान पत्र तयार भएका छन्। (खासगरी २०६२-६३ पछि नेपालभित्रबाट विद्यावारिधि गर्नेको संख्या पनि ह्वात्तै बढेको


BOK SMART BANKING

It provides round the clock connection with your accounts through Wifi, GPRS or SMS.

With multiple authentication features, it ensures that only you have access to your accounts.

It locates and navigates you to BOK branches and ATM's nearest to you.

It turns your phone into your personal BOK branch. Login to the app to check your balance, view statements and transfer funds. Stay informed with instant alerts on your account transactions.

Make payments for a host of services such as Mobile topups and recharge card purchases.




android app on Google play

बैंक अफ काठमाण्डू लिमिटेड
BANK OF KATHMANDU LTD.
We make your life easier

www.bok.com.np

देखिन्छ।) तर तिनको गुणस्तर र मौलिकतामा ठूलो समस्या छ। खेताला लगाएर लेखिने, बजारमा तयारी किनिनेदेखि, 'कट र पेष्ट' गरेर तयार गरिनेसम्मका थेसिसको आधिक्य भएकाले त्यहाँबाट उत्पादित प्राज्ञिक अनुसन्धानको स्तर चिन्ताजनक तहमा खस्केको छ। त्रिविको समाजशास्त्र विभागको चर्चा गर्दा *(शिक्षक,* पुस २०७२) हामीले उल्लेख गरे झैं; अनुसन्धान विषय पढाउने अध्यापक स्वयंसँग नै आफूले स्नातकोत्तर तहमा अध्ययन गर्दा लेखेको थेसिसबाहेक कुनै अन्य अनुसन्धान गरेको अनुभव छैन भने त्यहाँका विद्यार्थीको जग कमजोर हुनु अस्वाभाविक लाग्दैन।

तर यति हुँदाहुँदै पनि माथि उल्लेख भएबमोजिम विश्वविद्यालयहरूले खासगरी जर्नलमा प्रकाशित लेख या पुस्तकलाई पदोन्नति प्रक्रियामा 'फ्याक्टर इन' गरेकाले त्यसले जर्नल आर्टिकल इत्यादि लेख्ने र प्रकाशन गर्ने प्रयत्न अलिकति भए पनि बढावा दिएको देखिन्छ। त्यस्ता लेख प्रकाशन गर्नकै लागि पनि विभिन्न कलेज र विभागहरूले समेत जर्नल प्रकाशन गर्न थालेको पाइन्छ। उदाहरणका लागि समाजशास्त्र/मानवशास्त्र विषयलाई लिन सकिन्छ। सो विभाग र समाजशास्त्री/मानवशास्त्रीको संस्थाले अनियमित रूपमा क्रमश: *अकेजनल पेपर्स, सासोन जर्नल* प्रकाशन गरेको पाइन्छ। त्यस्तै, सोही विषयमै पोखरा तथा बाग्लुङबाट जर्नल प्रकाशित छन्। पाटन, त्रिचन्द्र जस्ता क्याम्पसबाट पनि त्यहाँका विद्यार्थी र शिक्षकको संलग्नतामा जर्नल प्रकाशन भएको पाइन्छ। यद्यपि ती जर्नल (प्राय: अनियमित) मा प्रकाशित अनुसन्धानमुखी भनिएका लेखको गुणवत्तामा प्रश्न गर्ने ठाउँ प्रशस्त भेटिन्छ। अधिकांश जर्नल कमजोर लेखनी, समकक्षी-समीक्षा प्रक्रियाको अभाव र कमजोर सम्पादनबाट ग्रसित पाइन्छन्।

## अगाडिको बाटो

प्राज्ञिक अनुसन्धान/कर्म आफैं या स्वत: हुने होइन। त्यसका लागि प्रोत्साहन र सहायता या लगानी जरूरी हुन्छ। शिक्षकहरूको पदोन्नति प्रक्रियामा जर्नलमा प्रकाशित लेख तथा पुस्तकको नम्बर जोडिने हुनाले आफ्नो करिअरमा ध्यान दिने विश्वविद्यालयका शिक्षकहरूले कहाँबाट र कसरी नम्बर जुटाउने भन्ने खोजी गर्छन्। विभिन्न खाले नाममात्रका अनियमित जर्नलको पृष्ठभूमि यही हो। खासगरी सेवा आयोगबाट पदोन्नति प्रक्रिया शुरू हुने बेलामा यी जर्नलको संख्या बढ्छ। यसले प्राज्ञिक लेख प्रकाशनका लागि हामीकहाँ इन्सेन्टिभको मेकानिज्म केही हदसम्म छ भन्ने देखाउँछ।

तर प्राज्ञिक लेखको आधारभूमि मूलत: प्राज्ञिक अनुसन्धान हो; विना अध्ययन-अनुसन्धान प्राज्ञिक लेख असम्भवप्राय: छ। यद्यपि, प्राज्ञिक अध्ययन अनुसन्धानका लागि सहायता गर्ने हामीकहाँ कुनै बलियो र स्थायी संयन्त्र छैन। अर्थात् हाम्रा विश्वविद्यालयका शिक्षकहरूलाई हामी प्राज्ञिक लेख प्रकाशन गर त भनिरहेका छौं तर त्यस्तो प्राज्ञिक कर्मको पृष्ठभूमि कसरी तयार हुन्छ भन्नेमा कुनै मतलब गरिरहेका छैनौं। तिमी आफैं गर भनिरहेका छौं। त्यसैले, हाम्रा प्राज्ञिक सृजना कमजोर छन्।

पछिल्ला केही वर्षदेखि विश्वविद्यालय अनुदान आयोगले विश्व बैंकको सहयोगमा एमफिल तथा विद्यावारिधि तहका विद्यार्थीलाई थेसिस लेखनमा तथा शिक्षकलाई अन्य अनुसन्धानमा केही सहयोग गर्ने व्यवस्था भएको छ। तर, पहिलो कुरा आयोग जस्तो संस्था व्यक्तिविशेषलाई रकम बाँडेर बस्ने होइन। अनुदान आयोगले त विश्वविद्यालयहरूलाई वर्षेनि तोकिएको रकमको व्यवस्था गरिदिनु पर्छ, जुन तलबमा होइन कि अनुसन्धानमा मात्र खर्च होओस्। त्यसपछि विश्वविद्यालयले त्यो रकममा आफ्ना योग्य अध्यापकलाई अध्ययन-अनुसन्धानमा खर्च गर्ने व्यवस्था तयार गरी व्यवस्थापन




**पछिल्लो समय स्थापना भएका विश्वविद्यालयमध्ये सबैभन्दा उम्दा भनिएको काठमाडौं विश्वविद्यालयको हालत पनि कुनै भिन्न छैन। त्यहाँबाट निश्चित विधामा केन्द्रित रहेर कुनै गतिलो जर्नल प्रकाशन भएको छैन।**

गर्नु जरूरी छ। दोस्रो, हाल प्रदान गर्ने सहायता रकम थोरै छ, र त्यसले अनुसन्धान कर्मलाई खासै योगदान पुर्‍याएको देखिंदैन।

अनुदान आयोगको काम स्वयं जर्नल प्रकाशन गर्ने पनि होइन। आफूले दिएका सहायता रकमले तयार भएका अनुसन्धान लेख छापिएका छन् है भन्नका लागि (विकासे भाषामा भन्दा प्रतिफल देखाउन) मात्र आयोग स्वयं जर्नल प्रकाशन गर्न थालेको छ। (विश्व बैंकको सहायता रकम सकिएकै दिन त्यो जर्नल बन्द भएमा कुनै अनौठो मानिने छैन।) त्रिविको प्रारम्भिक दिनमा उसले प्रकाशन गर्ने *टियू जर्नल* ले झैं यो जर्नलले पनि आधारभूतदेखि समाज विज्ञानका लेख एकै ठाउँमा राखेर प्रकाशन गर्दैछ जबकि अहिले थुप्रै विधागत जर्नल प्रकाशन हुन्छन्। आयोगले दिएको वृत्तिबाट सृजित लेखहरू तिनै जर्नलमा आरामले प्रकाशन हुन सक्छन्। विश्वविद्यालय अनुदान आयोगको काम त फेरि पनि विश्वविद्यालयहरूलाई नै जर्नल प्रकाशन गर्न सघाउनु हो। उसले विश्वविद्यालयहरूलाई जर्नल प्रकाशनका लागि निश्चित रकम व्यवस्था गरिदिने र विश्वविद्यालयहरूले आफू अन्तर्गतका केही चुनिएका जर्नललाई प्रकाशन-सहयोग गर्ने व्यवस्था गर्न सकिन्छ।

निचोडमा भन्नु पर्दा, यदि नेपालमा प्राज्ञिक कर्म र सृजनालाई बढोत्तरी गर्ने हो भने अध्ययन-अनुसन्धान-प्रकाशन प्रक्रियाका समग्र पक्षमा हस्तक्षेप/सहयोग आवश्यक छ। माथि भनिए झैं हाम्रा विश्वविद्यालयका शिक्षक स्वयंको प्राज्ञिक अनुसन्धानको अनुभव कमजोर छ। त्यो कमजोरीलाई पूरा गर्न लगानी गर्नु जरूरी छ। त्यसपछि, अध्ययन-अनुसन्धानमा लगानी अर्को प्रमुख हस्तक्षेपको बिन्दु हुनसक्छ। प्राज्ञिक अनुसन्धानका प्रतिवेदन र जर्नल आर्टिकल या पुस्तकको परिच्छेद भिन्नै कुरा हुन्। त्यसैले अनुसन्धान प्रतिवेदन या थेसिसलाई जर्नल लेखमा रूपान्तरणलाई सहजीकरण गर्न लगानी गर्न सकिन्छ। त्यस्तै, जर्नलमा प्रकाशित हुने सामग्रीको सम्पादन प्रक्रियामा पनि हस्तक्षेप या सहजीकरण जरूरी छ र स्वयं जर्नल प्रकाशनलाई पनि सहायता गर्नु आवश्यक छ। यी केही उदाहरण मात्र हुन् र यी बाहेक पनि अन्य उपाय पनि हुन सक्छन्। तर पहिले सहायता गर्ने संयन्त्रको आवश्यकता महसूस गरी तदनुरूप रकम विनियोजन गर्न तयार हुनुपर्‍यो। अन्यथा, यदि हालको जस्तो प्राज्ञिक लेख चाहिं छाप्नै पर्ने तर लेख तयार गर्न आवश्यक आधारभूमि चाहिं कमजोरै रहिरहने हो भने कुनै हिसाबले प्राज्ञिक कर्म र प्रकाशन जारी रहलान्, तर हाम्रो प्राज्ञिक कर्मले कुनै नयाँ र विचारोत्तेजक सृजना पस्कन सक्दैनन्। न त हाम्रा प्रकाशनहरू नै नयाँ नयाँ सोच र विचार-विमर्शका थलो बन्न सक्छन्।

(पराजुली र बन्त मार्टिन चौतारीमा आबद्ध अनुसन्धाता हुन्।)